# सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम

# राजस्व अनुसन्धान विभागसंग सम्वन्धित सार्वजनिक विवरण

**नेपाल सरकार**

**अर्थ मत्रालय**

## राजस्व अनुसन्धान विभाग

## हरिहरभवन, ललितपुर

## २०७२, माघ


टेलिफोनः ५५२७८८५ महानिर्देशक, ५५५१८०२ उप-महानिर्देशक, कन्ट्रोल रुमः ५०१००८५,
एक्सचेन्जः ५०१०१०६, ५०१००५७, फ्याक्सः ५५४२०२३, टोल फ्री नम्बरः १६६०-०१-५५०००
इमेलः info@dri.gov.np, वेभसाइटः www.dri.gov.np

## १. विभागको परिचय

राजस्व संकलन कार्यमा हुने चुहावटलाई रोकथाम र नियन्त्रण गर्न नेपाल सरकारले बि.सं. २०५० सालमा अर्थ मन्त्रालय मातहत राजस्व अनुसन्धान महाशाखा गठन गरेको थियो । उक्त महाशाखामार्फत हुँदै आएको राजस्व चुहावट न्यूनीकरण कार्यलाई थप क्रियाशील र प्रभावकारी बनाउन एक छुट्टै विभागको आवश्यकता महसुस गरी बि.सं.२०५० सालमा राजस्व अनुसन्धान विभागको गठन भएको हो ।

राजस्व चुहावटको क्षेत्र व्यापक बन्दै गएको, चुहावटको प्रकृति र प्रवृत्ति नयाँ ढंगबाट विस्तारित एवं रुपान्तरित हुँदै गएको सन्दर्भलाई हृदयंगम गरी राजस्व चुहावट नियन्त्रण कार्यमा थप प्रभावकारीता ल्याउने उद्देश्यबाट राजस्व अनुसन्धान विभाग स्थापना भएको हो । कर तथा गैरकर राजस्व चुहावटको संभावनालाई न्यूनीकरण गर्न र राजस्व अनुसन्धानको क्षेत्रमा विशिष्टीकरण कायम गरी राजस्व संकलनको कार्यलाई थप प्रभावकारी तुल्याउन विभाग क्रियाशील रहँदै आएको छ ।

राजस्व चुहावट नियन्त्रणको समष्टिगत कार्यमा सहजीकरण एवं प्रभावकारीता ल्याउन, विभागको कार्यक्षेत्रमा स्पष्टता कायम गरी कार्यगत विशिष्टता हासिल गर्न र राजस्व चुहावट नियन्त्रण गर्न राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ तथा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७० को तर्जुमा भई कार्यान्वयन भइरहेको छ । यी कानुनी व्यवस्थाले विभागको कार्यक्षेत्रलाई स्पष्टता प्रदान गरेको छ ।

## २. उद्देश्य तथा रणनीति

प्रचलित नेपाल कानुनले आफूलाई प्रदान गरेको अधिकार र कर्तव्यको पूर्ण पालना गरी प्रभावकारी आर्थिक सूचना प्रणालीको विकास गर्दै पारदर्शी एवम् स्वच्छ अर्थतन्त्रको निर्माणका अतिरिक्त उत्तरदायी, पारदर्शी एवम् व्यावसायिक राजस्व प्रशासनको संस्थागत विकासमार्फत राजस्व चुहावट र आर्थिक अपराध नियन्त्रणका लागि निम्नानुसारका उद्देश्य प्राप्तिमा राजस्व अनुसन्धान विभाग केन्द्रित रहेको छ ।

- द्रुततर आर्थिक विकासका लागि अधिकतम् राजस्व संकलनको आधार तयार गर्ने ।
- राजस्व चुहावटलाई प्रभावकारी रुपमा नियन्त्रण गर्ने ।
- स्वच्छ र पारदर्शी अर्थतन्त्र निर्माणको लागि योगदान गर्ने ।
- राजस्व चुहावट र आर्थिक अपराध सम्वद्ध अनुसन्धान कार्यलाई गति प्रदान गरी राजस्व नीति तथा कानुनको तादाम्यताको स्तर अभिवृद्धि गर्ने ।
- विदेशी विनिमयको अवैध ओसारपसार तथा कारोवारको अनुसन्धान तथा प्रभावकारी नियन्त्रण गर्ने ।
- स्वच्छ, स्वःस्फूर्त र अवरोधरहित व्यावसायिक क्रियाकलापको प्रवर्द्धनमार्फत लगानीमैत्री वातावरणको निर्माण गर्ने ।

## रणनीति

निर्दिष्ट सोचतर्फ उन्मुख भई उपरोक्त उद्देश्य परिपूर्तिका लागि विभागले आफ्नो कार्यसम्पादन गर्दा देहायका रणनीतिहरू अवलम्वन गर्ने गर्दछः-

- प्रवर्द्धनात्मक उपाय **(Promotional Measures):** प्रचारप्रसार, गोष्ठी, सेमिनार, अन्तरक्रिया, जागरण अभियान, संस्थागत सुदृढीकरण, कार्यप्रणाली र कार्यविधिमा सुधार ।
- निरोधात्मक उपाय **(Preventive Measures):** नियम-कानुनको परिपालना, गस्ती परिचालन, आचारसंहिता निर्माण एवम् परिपालन ।
- उपचारात्मक उपाय **(Curative Measures):** छापा मार्ने, कब्जा गर्ने, जफत गर्ने, दण्डित गर्ने, क्षतिपूर्ति लिने, लिलामबिक्री गर्ने आदि ।

## ३. कार्यक्षेत्र र कानुनी क्षेत्राधिकार

मूलरुपमा राजस्व अनुसन्धान विभागले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ र नियमावली, २०७० को परिधिभित्र रही आफ्ना क्रियाकलापहरू सञ्चालन गरेको छ । यद्यपि, कार्यसम्पादनका सिलसिलामा मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३, अन्तःशुल्क ऐन, २०५८, अन्तःशुल्क नियमावली, २०५९, भन्सार ऐन, २०६४, भन्सार नियमावली, २०६४ का अतिरिक्त विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ लाई समेत अनुसरण गरी प्रत्यायोजित अधिकारका आधारमा देहाय अनुसारको कार्यसम्पादन गर्दै आएको छः-

- कर तथा गैरकर राजस्व चुहावटउपर अनुसन्धान गर्ने ।
- विदेशी विनिमयको अवैध ओसारपसार तथा अपचलनको अनुसन्धान गर्ने ।
- भन्सार जाँचपास भई आएका सामानहरू चेकजाँच गरी भन्सार महसुल तिरे/नतिरेको वा कम तिरेको यकिन गरी आवश्यक कारवाही गर्ने ।
- आन्तरिक वा बाह्य ओसारपसारलाई व्यवस्थित गर्न स्थलगत अनुगमन गर्ने ।
- मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने वा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुहरूको कारोवार गर्नेले मूल्य अभिवृद्धि कर तिरे/नतिरेको अनुसन्धान गरी कारवाही गर्ने ।
- व्यापार विचलन भई अनधिकृत रुपमा पैठारी वा निकासी हुने मालवस्तुउपर नियन्त्रण गर्ने ।
- राजस्व चुहावट भएको वा हुन लागेको सूचनाको आधारमा प्रारम्भिक अनुसन्धान गरी थप अनुसन्धानका लागि सम्बन्धित निकायमा पठाउने वा विस्तृत अनुसन्धान गरी अदालतमा मुद्दा दायर गर्ने ।
- राजस्व चुहावट नियन्त्रण, अनुसन्धान तथा सो उपर कारवाही गर्ने ।
- राजस्व प्रशासनको आधुनिकीकरण तथा सुदृढीकरणको लागि नीतिगत पृष्ठपोषण गर्ने ।

## कानुनी अधिकारक्षेत्र

राजस्व अनुसन्धान विभागलाई आफ्नो कार्यसम्पादनका लागि राजस्व प्रशासन सम्वद्ध देहायका कानुनहरू प्रयोग गर्ने अधिकार प्रदान गरिएको छः-

- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७०
- विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९
- विदेशी विनिमय (नियमित गर्ने) नियमावली, २०२०
- मूल्य अभिवृद्धि कर ऐन, २०५२
- मूल्य अभिवृद्धि कर नियमावली, २०५३
- भन्सार ऐन, २०६४
- भन्सार नियमावली, २०६४
- अन्तःशुल्क ऐन, २०५८
- अन्तःशुल्क नियमावली, २०५९

**(क) राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ तथा नियमावली, २०७०**

राजस्व अनुसन्धान विभागको कार्य र कार्यक्षेत्रलाई स्पष्टता दिई विभागको अनुसन्धानात्मक, नियन्त्रणात्मक र प्रवर्द्धनात्मक कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने आधार राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ तथा नियमावली, २०७० ले प्रदान गरेका छन् । सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्दै देशको आर्थिक विकासलाई द्रुततर रुपमा अगाडि बढाउन राजस्व चुहावटलाई प्रभावकारी नियन्त्रण गरी अधिकाधिक राजस्व परिचालन गर्न प्रस्तुत ऐनले विभागलाई अधिकार प्रदान गरेको छ । मूलतः कर तथा गैरकर राजस्व क्षेत्रमा हुने चुहावटको संभावनालाई प्रभावकारी रुपमा नियन्त्रण तथा रोकथाम गर्न ऐनले विभागलाई अधिकार सम्पन्न तुल्याएको छ । यो ऐनमार्फत राजस्व चुहावटको अनुसन्धान तथा तहकिकात गरी सम्बन्धित अदालतमा राजस्व चुहावटउपर मुद्दा दायर गर्ने अधिकार समेत विभागले प्राप्त गरेको छ ।

**(ख) विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ र नियमावली, २०२०**

विदेशी विनिमयको प्रयोगलाई व्यवस्थित र नियमित गरी आर्थिक अपराधमुक्त राज्य निर्माणको सिलसिलामा उक्त ऐनले प्रत्याभूत गरेको व्यवस्था कार्यान्वयन गर्ने जिम्मेवारी विभागलाई रहेको छ । विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ बमोजिम विदेशी मुद्राको अपचलन, गैरकानुनी ओसारपसारको अनुसन्धान तथा तहकिकात गरी सम्बन्धित अदालतमा मुद्दा दायर गर्ने अधिकार

प्राप्त यस विभागले आफै वा नेपाल प्रहरी, भन्सार कार्यालय तथा अन्य निकायबाट दाखिला भएको विदेशी विनिमय अपचलनसम्बन्धी अभियोगमा विस्तृत अनुसन्धान गर्ने गरेको छ ।

**(ग) मूल्य अभिवृद्धि कर ऐन, २०५२ र नियमावली, २०५३**

मूल्य अभिवृद्धि करमा दर्ता भई कारोवार गर्नुपर्ने वा दर्ता भई कारोवार गरेकाले मूल्य अभिवृद्धि कर छली गर्ने वा कम तिर्ने वा तिर्दै नतिर्ने उद्देश्यबाट गरेका क्रियाकलापहरू नियन्त्रण गर्ने सिलसिलामा त्यस्ता कारोवारको अनुसन्धान तथा तहकिकात गर्न नेपाल सरकारले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३ बमोजिम विभागका पदाधिकारीलाई कर अधिकृतको रुपमा कामकाज गर्न अधिकार प्रत्यायोजन गरेको छ । ऐनको व्यवस्था बमोजिम प्राप्त प्रत्यायोजित अधिकार प्रयोग गर्न पाउने अधिकारीले मूल्य अभिवृद्धि कर निर्धारण गरी आदेश जारी गर्ने हुँदा कर निर्धारणमा सहजता आएको छ । यद्यपि मूल्य अभिवृद्धि कर ऐन बमोजिम कर निर्धारण (Tax Assessment) गरिएकोमा निर्धारित करको अभिलेख सम्बन्धित करदाताको खातामा प्रविष्टि गर्न नसक्दा कार्यगत एवम् प्राविधिक जटिलता सृजना भएको छ । साथै, करदाताको दायित्व अद्यावधिक नहुने जोखिम समेत रहिरहने अवस्था छ ।

**(घ) भन्सार ऐन, २०६४ र नियमावली, २०६४**

भन्सार चोरी पैठारी नियन्त्रण गरी स्वच्छ र मर्यादित आर्थिक गतिविधिका लागि भन्सार ऐन, २०६४ को प्रावधानलाई कार्यान्वयन गर्ने अधिकार विभागलाई रहेको छ । भन्सार विन्दुबाट विधिपूर्वक प्रवेश गरे बाहेकका अन्य तवरबाट देशमा प्रवेश गरेका मालवस्तु नियन्त्रण गर्न, जफत गर्न र तत्सम्बन्धी मुद्दा फैसला गर्न भन्सार ऐन, २०६४ को दफा ८४ ले दिएको अधिकार प्रयोग गरी विभाग र अन्तर्गतका तोकिएको अधिकृतस्तरको कर्मचारीलाई भन्सार अधिकृतको रुपमा कामकाज गर्न पाउने गरी नेपाल सरकारबाट अधिकार प्रत्यायोजन भएको छ । विभाग र अन्तर्गतका निकायहरूले आफ्नो कार्यसम्पादनका सिलसिलामा प्रस्तुत ऐन प्रयोग गरी भन्सार चोरी पैठारीको अनुसन्धान तथा कारवाहीमा वृद्धि भएको छ । यसैले भन्सार चोरी पैठारी नियन्त्रण तथा भन्सार चोरी पैठारीउपरको कारवाहीबाट राजस्व संकलनमा समेत अनुकूल प्रभाव पारेको छ ।

**(ङ) अन्तःशुल्क ऐन, २०५८ र नियमावली, २०५९**

अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन र बिक्री वितरण गर्दा प्रचलित अन्तःशुल्क ऐन बमोजिम तिर्नुपर्ने अन्तःशुल्क छलेको वा कर छल्ने नियतबाट कुनै कार्य गरेकोमा त्यस्तो गतिविधि उपर अनुसन्धान गर्न अन्तःशुल्क ऐन, २०५८ को दफा ५ बमोजिम नेपाल सरकारबाट विभागका अधिकृत तथा क्षेत्रीय कार्यालयका प्रमुखलाई सोही ऐनको दफा ६ बमोजिम अधिकार क्षेत्र तोकी अन्तःशुल्कसम्बन्धी अनुसन्धान गर्ने अधिकार प्रदान गरिएको छ । नेपाल सरकारबाट

प्रत्यायोजित यो अधिकारले अन्तःशुल्क लाग्ने कारोवारमा भएको राजस्व चुहावटसम्बन्धी अनुसन्धानमा तिब्रता ल्याउनुको साथै अन्तःशुल्क छली गर्ने प्रवृत्तिमा समेत नियन्त्रण गरी राजस्व असुलीमा सकारात्मक प्रभाव पारेको छ ।

## ४. कार्यसम्पादन प्रणाली

विभागले सम्पादन गर्ने कार्यलाई व्यवस्थित र पारदर्शी बनाउने उद्देश्यले देहाय अनुसारको कार्यसम्पादन प्रणाली अवलम्बन गरेको छः

### (क) उजुरी वा सूचनाको संकलन

विभाग र क्षेत्रीय कार्यालयहरूको सूचना संकलनका स्रोतहरू मूलतः २ प्रकारका रहेका छन् ।

- बाह्य स्रोतः- सुराकी, पत्रपत्रिका, रेडियो, टी.भी.जस्ता सञ्चारका माध्यमहरू, सरोकार समूहहरू, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, नेपाल सरकारका मन्त्रालयहरू, विभाग आदिबाट प्राप्त सूचना र विभिन्न व्यक्तिहरू/ संस्थाहरूबाट प्राप्त सूचनाहरू, विभिन्न वेवसाईटहरू आदि ।
- आन्तरिक स्रोतः- उपलब्ध तथ्यांकहरुको आधारमा जोखिमयुक्त क्षेत्रहरुको पहिचान गर्ने, जोखिम ब्यवस्थापन समितिको सूचना, स्थलगत अध्ययन, विभागकै कर्मचारी, विभाग र क्षेत्रीय कार्यालय अन्तर्गतका चेकपोष्टहरू, बजार तथा राजमार्ग अनुगमनबाट प्राप्त सूचनाहरू, नियमित/आकस्मिक रुपमा हुने द्रुत गस्ती परिचालनबाट प्राप्त सूचनाहरू र आकस्मिक परीक्षणको क्रममा विभागले अपनाएका अन्य रणनीतिहरू एवं अनुसन्धानको क्रममा उपलव्ध भएका कागजातहरू ।

### (ख) सूचना विश्लेषण

उपरोक्त श्रोतहरूमार्फत प्राप्त सूचनाहरूलाई विभिन्न दृष्टिकोणबाट विश्लेषण गर्ने गरिन्छ । विश्लेषण गर्ने सन्दर्भमा सूचनाको सत्यता तथा आधिकारिकता जाँच गरी आरोपित ब्यक्ति/फर्मको सम्बन्धमा अन्य क्षेत्रबाट समेत आवश्यकतानुसार सूचना संकलन गर्ने गरिन्छ ।

### (ग) विस्तृत अनुसन्धान र छानबिन

आवश्यकता र औचित्यताको आधारमा विभागले निम्न कार्यहरू मध्ये केही वा सबै वा अरु थप कार्यहरू गर्दछ ।

- उद्योग विभाग, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय र घरेलु तथा साना उद्योग विभागमा सम्पर्क गरी आवश्यक कागजात झिकाउने ।
- नेपाल राष्ट्र बैंकमार्फत वा सोझै विभागद्वारा कारोवारको प्रकृति र आकार अध्ययन गर्न बैंक खाता विवरणसम्बन्धी कागजात झिकाउने ।
- आन्तरिक राजस्व कार्यालयमार्फत कर विवरण र अन्य कागजात माग गर्ने ।
- घरजग्गा जस्ता अचल सम्पत्तिको सूचना प्राप्त गर्न र रोक्का गर्न भूमिसुधार तथा व्यवस्थापन विभाग मार्फत सम्बन्धित जिल्ला भूमिसुधार कार्यालय र मालपोत कार्यालयहरूमा पत्राचार गर्ने ।
- थुनछेक वा पक्राउ गर्नुपर्ने भएमा प्रहरी कार्यालयमा पत्राचार गर्ने ।
- आवश्यकता अनुसार अन्य निकायसँग सम्पर्क गरी अनुसन्धान कार्य अगाडि बढाउने ।
- कारोवार स्थलमा छापा मार्ने र उपलब्ध कागजातको आधारमा करदाताको वयान र अनुसन्धान गर्ने ।
- विभागमा जडित DRI-CIS (Department of Revenue Investigation-Central Information System) अनुसारको कम्प्युटर प्रविष्ट प्रणालीबाट प्राप्त सूचनाको प्रयोग गर्ने ।
- अनुसन्धान र छानविन पश्चात् भन्सार महसुल छलेको पाइएमा भन्सार ऐन/नियम, मूल्य अभिवृद्धि कर छलेकोमा मूल्य अभिवृद्धि कर ऐन/नियम र अन्तःशुल्क छलेको पाइएमा अन्तःशुल्क ऐन/नियम अनुसारको प्रक्रिया पुर्‍याई क्रमशः भन्सार अधिकृत, कर अधिकृत र अन्तःशुल्क अधिकृतको अधिकार प्रयोग गरी महसुल तथा कर निर्धारण र असुलउपर गर्ने । आयकर निर्धारणको हकमा उक्त कार्यक्षेत्र रहेको सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा लेखी पठाउने । तत्कालै कारवाही टुङ्गो लगाई राजस्व असुलीमा समेत सघाउ पुग्ने प्रकृतिका केशहरूमा उक्त ऐनहरू अन्तर्गत प्रत्यायोजित अधिकारबाट कारवाही अघि बढाउने ।
- कानुनी व्याख्यामा द्विविधा र अन्तरविरोध भएका गैरकर राजस्वसम्बन्धी मामिलाहरू तथा राजस्व चुहावटका विशेष प्रकृतिका मुद्दाहरू राजस्व चुहावट (अुनसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अन्तर्गत जिल्ला अदालतमा मुद्दा दायर गर्ने ।
- विदेशी मुद्रा अपचलन भएका अधिकांश केशहरू प्रहरीमार्फत पक्राउ भई अनुसन्धानका लागि आउने र अनुसन्धान पुरा भएपछि जिल्ला न्यायाधिवक्ताको स्वीकृति लिई सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्ने ।

**(घ) मुद्दा दायर र फैसला**


विस्तृत अनुसन्धान र छानविनपश्चात् विभाग आफैले कर निर्धारण र फैसला गर्ने भए आफैले गर्ने । सो कार्य अदालतमा पठाउनु पर्नेमा सम्बन्धित अदालतमा मुद्दा दायर गर्न पठाइने छ ।

**(ङ) फैसला कार्यान्वयन**

लिलाम, क्षतिपूर्ति, विगो, दण्ड-जरिवाना, कमिशन, राजस्व असुली यस अन्तर्गत पर्दछन् । विभाग आफैले फैसला गर्ने केशहरूमा कर/राजस्व असुलउपर गरी जरिवाना तिराउने र अदालतको फैसलाको हकमा अदालतको आदेश अनुसार फैसला कार्यान्वयन गर्ने गराउने कार्य गरिन्छ ।

## ५. विभागको संगठन संरचना र जनशक्ति

**संगठन संरचना**




- विभिन्न विषयका विशेषज्ञहरू (Economist, CA, IT Export, Forensic Scientist, Criminologists, ML Export, Legal Export, Financial Export आदि) आवश्यकता अनुसार पुल दरबन्दीमा काज वा करारबाट परिचालन गरिने । राजस्व प्रहरीको रुपमा सशस्त्र प्रहरी बल परिचालन गरिएको ।

# <u>विभागको कर्मचारीको दरबन्दी तेरिज</u>

| सि.नं. | पद | श्रेणी/सेवा/समूह | पद संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | महानिर्देशक | रा.प.प्र. (सा. प्र.) | १ | |
| २. | उप-महानिर्देशक | रा.प.प्र. (सा. प्र.) | १ | |
| ३. | निर्देशक | रा.प.द्वि. (राजस्व) | ६ | |
| ४. | निर्देशक | रा.प.द्वि. (सा. प्र.) | १ | |
| ५. | निर्देशक | रा.प.द्वि. (लेखा) | १ | |
| ६. | शाखा अधिकृत | रा.प.तृ. (राजस्व) | १० | |
| ७. | शाखा अधिकृत | रा.प.तृ. (प्रशासन) | ३ | |
| ८. | जिल्ला न्यायाधिवक्ता | रा.प.तृ.(सरकारी वकिल) | १ | |
| ९. | लेखा अधिकृत | रा.प.तृ. (लेखा) | १ | |
| १०. | कम्प्युटर इन्जिनियर | रा.प.तृ. (विविध) | १ | |
| ११. | ना.सु. | रा.प.अनं.प्र. (राजस्व) | २५ | |
| १२. | ना.सु. | रा.प.अनं.प्र. (सा. प्र.) | ४ | |
| १३. | ना.सु. | रा.प.अनं.प्र. (सरकारी वकील) | १ | |
| १४. | कम्प्युटर अधिकृत | रा.प.तृ. (विविध) | ६ | |
| १५. | लेखापाल | रा.प.अनं.प्र. | १ | |
| १६. | टा.ना.सु. | रा.प.अनं. प्रथम | २ | |
| १७. | हलुका सवारी चालक | श्रेणीविहीन | ७ | |
| १८. | कार्यालय सहयोगी | श्रेणीविहीन | १५ | |
| **जम्मा** | | | **८७** | |

## ६. विभागको आ.व. २०७२/०७३ को ६ महिना को प्रगति विवण

### राजस्व र धरौटीको विवरण

राजस्व

| सि.नं. | विवरण | २०७२ पौष महिनाको प्रगति (रू.००० मा) | २०७२ पौष महिनासम्मको प्रगति (रू.००० मा) | गत आ.व.को पौष महिनासम्मको प्रगति (रू.००० मा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | भंसार राजस्व | ९५३०४ | २३०५७७ | २८२९०० | |
| २ | मूल्य अभिवृद्धि कर | ९४१८ | ५१४४० | ४१२६६ | |
| ३ | अन्तःशुल्क | १२५ | ७६३६ | ३७३५ | |
| ४ | आयकर | ० | १६९०५ | १४१२ | |
| ५ | अन्य कर | ७५ | २२४० | १०११९८ | |
| **जम्मा रु.००० मा** | | **१०४९२२** | **३०८७९८** | **४३०५११** | |

धरौटी

| सि.नं. | विवरण | २०७२ पौष महिनाको प्रगति (रु.००० मा) | २०७२ पौष महिनासम्मको प्रगति (रु.००० मा) | गत आ.व.को पौष महिनासम्मको प्रगति (रु.००० मा) | कैफियत |
|---|---|---|---|---|---|
| १. | विदेशी मुद्रा बापतको जरिवाना धरौटी | १४३४६ | ५५२८८ | १९४६६ | |
| २. | अन्य राजस्व धरौटी | १५०७३ | १४१६०२ | २९९४९५ | |
| **जम्मा धरौटी** | | **२९४१९** | **१९६८९०** | **३१८९६०** | |

### ख. नियमित राजस्व अनुसन्धान/भन्सार सम्बन्धी मुद्दा

| सि.नं. | विवरण | २०७२ पौष महिना | २०७२ पौष महिनासम्म | कैफियत |
|---|---|---|---|---|
| १. | कूल मुद्दा संख्या | ५८ | ४७४ | गत आ.व. बाट जिम्मेवारी सरी आएको समेत |
| २. | टुङ्गो लागेका मुद्दा संख्या | ६३ | २१० | |
| ३. | शंकास्पद कारोबारस्थलमा छापा | ११ | ३० | |
| ४. | पैठारी र आन्तरिक ओसारपसार चेकजाँच संख्या | ९१ | ३८४ | |

### ग. विदेशी मुद्रा/हुण्डी कारोबार सम्बन्धी मुद्दा

| सि.नं. | विवरण | २०७२ पौष महिना | २०७२ पौष महिनासम्मको | कैफियत |
|---|---|---|---|---|
| १ | कुल मुद्दा संख्या | ४ | २१६ | गत आ.व. बाट जिम्मेवारी सरी आएको समेत |
| २ | अदालतमा दायर भएका मुद्दा संख्या | ३ | २२ | |
| ३ | बाँकी अनुसन्धानको क्रममा रहेको मुद्दा संख्या | - | १९४ | |

### घ. लिलाम बिक्रीको विवरण

| सि.नं. | विवरण | २०७२ पौष महिना | २०७२ पौष महिनासम्मको | २०७१ पौष महिनासम्म | कैफियत |
|---|---|---|---|---|---|
| १. | लिलाम बिक्री मुद्दा संख्या | ५० | २८० | ३३२ | |
| २. | लिलाम बिक्रिबाट प्राप्त रकम (रु.००० मा) | ५७७१ | ४८७५० | ३९२८५ | |

### ङ. बजेट खर्च र बेरुजु फर्छ्यौट

| सि.नं. | विवरण | २०७२ पौष महिना (रु.००० मा) | २०७२ पौष महिनासम्मको (रु.००० मा) | २०७१ पौष महिना सम्म (रु.००० मा) | कैफियत |
|---|---|---|---|---|---|
| १. | चालु खर्च | ४१६५ | २१२३१ | २१५४७ | |
| २. | पूँजीगत खर्च | - | ४१० | ९० | |
| ३. | कूल खर्च | ४१६५ | २१६४१ | २१६३८ | |
| ४. | बेरुजू फछ्र्यौट रकम प्रतिशत | - | ९१८१३ | ३५७२९ | |